# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखराबाट

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण



**सूचना सार्वजनिक गर्ने निकायको नाम:**
कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखरा

**सूचना सार्वजनिक गरेको अवधि:**
२०८० माघ - २०८० चैत्र मसान्तसम्म

०६१-५७५४४८ abpstcpokhara@gmail.com ABPSTC Pokhara abpstc.gandaki.gov.np

**पुरा पढनको लागि यहाँ स्क्यान गर्नुहोस**

# विषयसूची


विषयसूची.......................................................................................१
१. निकायको स्वरुप र प्रकृति ........................................................................ २
२. निकायको काम, कर्तव्य र अधिकार .................................................................. २
३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण ..................................................... २
४. निकायबाट प्रदान गरिने सेवा........................................................................ ६
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी ..........................................८
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि..............................................................८
७. निर्णय गर्ने प्रक्रिया र अधिकार......................................................................८
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ................................................................. ९
९. सम्पादन गरेको कामको विवरण....................................................................... ९
१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद...........................................१०
११. वेभसाईटको विवरण..........................................................................१०
१२. सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन .......................................११
१३. सूचना वर्गीकरण सम्बन्धी विवरण.............................................................१२
१४. सूचना माग सम्बन्धी निवेदन र सो उपर दिएको विवरण.....................................१२
१५. सार्वजनिक सूचनाहरू प्रकाशन हुने स्थल/संयन्त्रको विवरण.................................१२

## १. निकायको स्वरुप र प्रकृति

कृषि विकासको क्षेत्रमा संलग्न कृषक, कृषि उद्यमीहरू र कृषि प्राविधिकहरूको तालिम कार्यक्रमहरूबाट सीप तथा क्षमता अभिवृद्धि गरी गण्डकी प्रदेशको कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यावसायीकरण गरी खाद्य सुरक्षा एवम् गरिबी निवारणमा टेवा पुऱ्याउन र प्रदेशको समग्र आर्थिक-सामाजिक विकासको गतिलाई अगाडि बढाउन भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय, कृषि विकास निर्देशनालय मातहत रहने गरी २०७५ साल आश्विन १० गते यस केन्द्रको उद्घाटन तात्कालीन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय लेख बहादुर थापा मगरज्यूबाट भएको थियो। यस प्रदेशका कृषकहरू, कृषि उद्यमीहरू र व्यवसायीहरूलाई कृषि क्षेत्रमा लगानी गर्न आकर्षित गर्दै उनीहरूलाई कृषि उद्यम सञ्चालन गर्न आवश्यक प्राविधिक तथा अन्य विषयमा परामर्श दिन र कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी विभिन्न क्रियाकलापहरू सञ्चालन गरेर यस प्रदेशको कृषि व्यवसायको विकासलाई गति प्रदान गर्ने प्रकृतिको कार्यालय हो। यस केन्द्रको कार्यालय पोखरा महानगरपालिका वडा नं. ५ मालेपाटनमा अवस्थित छ।


## २. निकायको काम, कर्तव्य र अधिकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको संगठन सर्वेक्षण तथा व्यवस्थापन प्रतिवेदनमा तोकिए अनुसार यस निकायको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेको छ।

१. कृषि उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने ज्ञान तथा सीप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप कृषि उद्यम तथा व्यवसाय सञ्चालन एवम् प्रवर्द्धन सम्बन्धी तालिमहरू सञ्चालनको व्यवस्था गर्ने,
२. कृषि सेवामा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्ध सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
३. प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरूको रोस्टर तयार तथा अद्यावधिक गर्ने,
४. कृषि उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक व्यावसायिक योजना तयारीमा सहयोग गर्ने,
५. सञ्चालित तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने, तालिम आवश्यकता पहिचान गर्ने,
६. विभिन्न कृषि उद्यम तथा व्यवसाय सञ्चालनका लागि आधारभूत जानकारीहरू प्रदान गर्ने, कृषि प्रविधि सम्बन्धी विषयवस्तुहरूको प्रचार-प्रसारका लागि ब्रोसर, पम्पलेट, बुकलेट जस्ता सामग्रीहरू प्रकाशन गर्ने।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस केन्द्रको कुल स्वीकृत दरबन्दी संख्या १४ को संगठन संरचना र दरबन्दी तेरिज देहायअनुसारको रहेको छ।




चित्र १. कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखराको संगठन संरचना

तालिका १. कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखराको दरबन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा, समुह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख | अधिकृतस्तर एघारौं (.प्रा) | कृषि, समुहकृत नहुने | १ | |
| २ | वरिष्ठ कृषि अर्थ विज्ञ | अधिकृतस्तरनवौंदशौं/ (.प्रा) | कृषि, एग्री एण्ड .इको. मार्केटिङ्ग | १ | |
| ३ | वरिष्ठ कृषि प्रसार अधिकृत | अधिकृतस्तर नवौं(.प्रा)दशौं/ | कृषि, कृषि प्रसार | १ | |
| ४ | कृषि प्रसार अधिकृत | अधिकृतस्तरसातौं(.प्रा)आठौं/ | कृषि, कृषि प्रसार | २ | |
| ५ | प्राविधिक सहायक | सहायकस्तर पाँचौं / अधिकृतस्तर छैठौं | कृषि, कृषि प्रसार | १ | |
| ६ | प्राविधिक सहायक | सहायकस्तर पाँचौं / अधिकृतस्तर छैठौं | कृषि, एग्री एण्ड .इको. मार्केटिङ्ग | १ | |
| ७ | नायव सुब्बा | सहायक स्तर पाँचौं अधिकृतस्तर छैठौं/ | प्रशासन, सामान्य प्रशासन | १ | |
| ८ | लेखापाल | सहायकस्तर पाँचौं अधिकृतस्तर छैठौं/ | प्रशासन, लेखा | १ | |
| ९ | हलुका सवारी चालक | श्रेणी विहिन | ईञ्जिनियरिङ्ग, मेकानिकल | २ | |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन, सामान्य प्रशासन | ३ | |
| | **जम्मा** | | | १४ | |

**दरबन्दीको कार्य विभाजन र कार्यविवरण**

**क) कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा**

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरूको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत कृषि बाली र वस्तुको विकास एवं विस्तारका लागि व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्बन्धित निकायहरूसंग सम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरू प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रवर्द्धन सम्वन्धित निकायहरूबीच समन्वय कायम गर्ने,
- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरूलाई उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने।

**ख) कृषि व्यवसाय तालिम शाखा**

- कृषि उद्यमी तथा व्यवसायीहरूलाई व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सीप प्रदान गर्न तालिमको आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, सीप प्रदान गर्न विशिष्टिकृत तालिम कार्यक्रम संचालन गर्ने,
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरूको तालिम आवश्यकता पहिचान गरी तालिम संचालन तथा क्षमता विकासका कार्यहरू गर्ने,
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भई आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रर्वद्धन सम्बन्धी तालिमहरू संचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरूबाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा सीप विकास सम्बन्धी कार्यहरूको अनुगमन गर्ने तथा निर्देशन दिने।

**ग) प्रशासन फाँट**

**आर्थिक प्रशासन शाखा**

- आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने,
- नियमित रुपमा लेखा परिक्षण गराउने,
- बेरुजु हुन नदिन तर्फ सतर्क रहने तथा बेरुजु रेकर्ड अद्यावधिक राखे र नियमित रुपमा बेरुजु फर्छयौट सम्बन्धी कार्य गर्ने।

**सामान्य प्रशासन तथा स्टोर शाखा**

- कर्मचारी प्रशासन तथा सामान्य प्रशासन सम्बन्धी कामहरू गर्ने,
- जिन्सी व्यवस्थापन सम्बन्धी सम्पूर्ण कामहरू गर्ने,

- कार्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा दुरुपयोग हुन नदिन आवश्यक कार्य गर्ने वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न योजना अनुगमन शाखालाई सहयोग गर्ने,
- तालिम केन्द्रमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी सामानहरूको विवरण अद्यावधिक राख्ने,
- अभिलेखीकरण, बैठक, निर्णय लेखन, बैठक व्यवस्थापन गर्ने,
- अन्य शाखाको कार्यविवरणमा नपरेका प्रशासनिक लगायत अन्य सबै कार्य गर्ने,
- दर्ता र चलानी साथै सक्कल कागजात सम्बन्धित ठाउँमा पुऱ्याउने।

उपरोक्त दरबन्दीमा रहि यस निकायमा हाल कार्यरत कर्मचारीको विवरण देहायअनुसार राखिएको छ।

| क्र.सं. | कर्मचारीकोनाम थर | तह वा श्रेणी | स्थायी ठेगाना | मोबाईल नं |
|---|---|---|---|---|
| १ | श्री अर्जुन देव ज्ञवाली | अधिकृतस्तर नवौं (व.कृ.प्र.अ.) | गल्याङ्ग, स्याङजा | ९८५६०१५४४८ |
| २ | श्री राममाया कडरिया | अधिकृतस्तर सातौं (कृषि प्र. अधिकृत) | षडानन्द-८, भोजपुर | ९८४६०८३९३४ |
| ३ | श्री बिपना गिरी | अधिकृतस्तर सातौं (कृषि प्र. अधिकृत) | नेपालगञ्ज, बाँके | ९८४८१८३०९७ |
| ४ | श्री केशवप्रसाद ढुङ्गाना | अधिकृतस्तर छैठौं | पोखरा११-, कास्की | ९८५६०२२५९८ |
| ५ | श्री लिला अर्याल | अधिकृतस्तर छैठौं (कृषि) | आधिखोला, स्याङ्जा | ९८४११७१२८२ |
| ६ | श्री लेखबहादुर क्षेत्री | नायब सुब्बा (राप अन प्रथम) | मोदी-५, पर्वत | ९८४३१५२९४८ |
| ७ | श्री सोमलाल कुँवर | ह.स.चा. | पोखरा- ८, कास्की | ९८४९९५१६६७ |
| ८ | श्री रामप्रसाद पौडेल | कार्यालय सहयोगी (पाचौं) | आधिखोला- ३ स्याङ्जा | ९८४६१९९०२३ |
| ९ | श्री सन्तबहादुर उचै | कार्यालय सहयोगी (करार) | भिमाद ८-, तनहुँ | ९८०४१०६११६ |
| १० | श्री लिलादेवी सापकोटा | कार्यालय सहयोगी (करार) | दमेक- ५, बागलुङ | ९८४११२४८६० |

## ४. निकायबाट प्रदान गरिने सेवा

यस केन्द्रको स्वीकृत कार्यविवरणमा उल्लेख भएका कार्यहरू पुरा गर्न र कृषक, कृषि उद्यमी र कृषि प्राविधिकहरूको सीप, क्षमता र दक्षता अभिवृद्धिका लागि आफ्नो वार्षिक योजना तथा बजेटमा समावेश गरी विभिन्न प्रकारका तालिम कार्यक्रमहरू प्राविधिक अवलोकन भ्रमण गोष्ठी सेमिनार विशेष प्रवचन कार्यक्रमहरू सञ्चालन गर्दछ । कृषि व्यवसाय प्रवर्द्धनको क्षेत्रमा यस केन्द्रले गण्डकी प्रदेश अन्तर्गत रहेका कृषि उद्यमीहरूको रोस्टर तयार गरी प्रकाशित गर्ने कृषि उद्यम तथा व्यवसायी स्थापना तथा सञ्चालनका लागि आवश्यक प्राविधिक सेवाटेवा प्रदान गर्ने व्यवसायिक योजना तयारी सम्बन्धी सेवा व्यवसायीहरूलाई खाद्य तथा कृषि सम्बन्धी मूल्य श्रृंखलाहरूको जानकारी तथा मूल्य श्रृंखलामा समावेश हुन आवश्यक परामर्श तथा सहयोग कृषि व्यवसायको प्रबर्द्धनका लागि अन्य संघसंस्थाहरूसंगको सहकार्यमा विभिन्न मेला महोत्सवहरूको सञ्चालन गर्दछ। यसका अलवा केन्द्रले कृषि उत्पादन प्रशोधन बिक्री वितरणलाई प्रवर्द्धन गर्न अडियो-भिडियो कार्यक्रमको निर्माण तथा अन्य लिखित सामग्रीहरू प्रकाशन गरी सरोकारवाला तथा सेवाग्राहीहरूलाई विभिन्न माध्यमबाट वितरण गरी प्रचारप्रसार गर्ने र प्रवर्द्धन गर्ने कार्य समेत गर्दछ।

प्रशिक्षार्थीहरूको आधारमा अगुवा कृषकस्तर, कृषि प्राविधिकस्तर र कृषि उद्यमीस्तर गरी तीन प्रकारका तालिम कार्यक्रमहरू सञ्चालन हुने गर्दछन्। सेवाग्राहीहरूको सीप क्षमता र दक्षताको स्तर एवं उनीहरूको माग अनुसार विभिन्न अवधिका तालिम कार्यक्रमहरू संचालन गरिन्छ। प्रशिक्षार्थीहरूको व्यवसायमा प्रवेश र व्यवसायको स्तर अनुसार व्यवसाय उन्मुख व्यवसायिक र निर्यात प्रवर्द्धनमुखी गरी वर्गीकरण गरेर सोही अनुसारका तालिमहरू विभिन्न चरणहरूमा संचालन गरिन्छ। यसका अलवा गण्डकी प्रदेश अन्तर्गतका कृषि विकास सम्बन्धी कार्यालयहरूमा कार्यरत प्राविधिकहरूलाई सेवा प्रवेश तथा सेवाकालिन तालिम कार्यक्रमहरू समेत यसै तालिम केन्द्रबाट सञ्चालन गरिन्छ। यस केन्द्रले सेवाग्राहीहरूको माग र आवश्यकता अनुसार अन्य सरकारी अर्धसरकारी र गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरूसँग सहकार्य गरी साझेदारीमा समेत विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्न सक्दछ। यसको अतिरिक्त केन्द्रले आवश्यकतानुसार संघ र स्थानीय तहअन्तर्गतका कार्यालयहरूसँग समन्वय गरी तालिम संचालन गर्दछ।

### कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, पोखराको

### नागरिक वडापत्र

| क्र. सं. | प्रदान गरिने सेवाहरु | पेश गर्नुपर्ने कागजातहरु | सेवा प्राप्त गर्न लाग्न समय | लाग्ने दस्तुर | सम्बन्धित शाखा/ जिम्मेवार पदाधिकारी |
|---|---|---|---|---|---|
| १ | प्रदेशस्तरका कृषि कार्यालय र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको क्षमता | सम्बन्धित कार्यालयको सिफारिस पत्र | स्वीकृत बार्षिक कार्यक्रममा भएको कार्यतालिका अनुसार | नि:शुल्क | कृषि व्यवसाय तालिम शाखा प्रमुख |

| | | | | | |
|---|---|---|---|---|---|
| | अभिवृद्धि तथा वृत्ति विकास सम्बन्धी तालिम संचालन | | | | |
| २ | कृषक तथा कृषि उद्यमीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम | सम्बन्धित कृषि ज्ञान केन्द्र/ स्थानीय तहको सिफारिस पत्र | स्वीकृत बार्षिक कार्यक्रममा भएको कार्यतालिका अनुसार | निःशुल्क | कृषि व्यवसाय तालिम शाखा प्रमुख |
| ३ | कृषि उद्यमी/ व्यवसायिक कृषक, कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धिका लागि तालिमको आवश्यकता पहिचान र पाठक्रम निर्माण | व्यक्ति/ संस्थाको लिखित आधिकारीक पत्र | निवेदनमा माग भएको समयावधि अनुसार | कृषि तालिम कार्यक्रम संचालन कार्यविधि/ स्वीकृत नर्म्समा उल्लेख भए अनुसार | कृषि व्यवसाय तालिम शाखा प्रमुख |
| ४ | प्रशासनिक जानकारी एवं अन्य सेवा | व्यक्ति/ संस्थाको मौखिक वा लिखित आधिकारीक पत्र | निवेदन प्राप्त हुनासाथ | निःशुल्क | प्रशासन शाखा प्रमुख |
| ५ | व्यक्ति/संस्थाको सेवा र कार्यको खर्च भुक्तानी | निवेदन स्विकृत आदेश, बील, भरपाई र निर्णय एवं पुष्ट्याई हुने अन्य आवश्यक कागजातहरु | रितपूर्वकको बील भरपाई प्राप्त भएको ३ दिन भित्र | निःशुल्क | आर्थिक प्रशासन शाखा प्रमुख |
| ६ | अन्य निकायहरुबाट माग भई आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रवर्द्धन सम्बन्धि तालिम संचालन र भौतिक संरचना उपलब्ध गराउने | सम्बन्धित निकायको आधिकारीक निवेदन पत्र अनुसार | निवेदनको माग र कार्यालयको अनुकुलता अनुसार | निःशुल्क | कृषि व्यवसाय तालिम शाखा प्रमुख/प्रशासन शाखा प्रमुख |
| ७ | कार्यालयबाट प्रकाशित प्रगति तथा अन्य प्राविधिक प्रकाशनहरु वितरण | व्यक्ति/ संस्थाको मौखिक वा लिखित आधिकारीक पत्र | मासिक/त्रैमासिक/चौमासिक/बार्षिक रुपमा तयार गरी माग अनुसार तुरुन्त उपलब्ध गराईने | निःशुल्क | कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा प्रमुख |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | शाखा | जिम्मेवार अधिकारी | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा | श्री राममाया कडरिया र श्री बिपना गिरी | ९८४६०८३९३४ र ९८४८१८३०९७ | |
| २ | कृषि तालिम शाखा | | | |
| ३ | कर्मचारी प्रशासन र भण्डार शाखा | श्री लेख बहादुर क्षेत्री | ९७६५६२४८२५ | |
| ४ | आर्थिक प्रशासन शाखा | श्री केशब प्रसाद ढुङ्गाना | ९७६५६२४८२६ | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस निकायको स्वीकृत कार्यविवरण बमोजिम सबै प्रकारका तालिम सेवाहरू निशुल्क रुपमा सञ्चालन गरिन्छ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

यस केन्द्रबाट सम्पादन हुने क्रियाकलापहरू देहायको प्रक्रिया र अधिकार अनुरुप गरिन्छ।

| सहभागी छनौट | खर्च सम्बन्धी विषयहरू | विविध |
|---|---|---|
| •कृषि ज्ञान केन्द्र, फर्म केन्द्र, प्रयोगशाला र स्थानीय तहको सिफारिस अनुसार | •खर्चको प्रचलित मापदण्ड अनुसार | •विद्यमान कानुन अनुसार |

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

**गुनासो सुन्ने अधिकारी**



**कृषि प्रसार अधिकृत**

**९८५६०७०६९६**

## ९. सम्पादन गरेको कामको विवरण

### पूँजीगत कार्यक्रमहरू

- कार्यलय परिसरमा अपाङ्ग मैत्री सौचालयको निर्माण सम्पन्न।

### चालु कार्यक्रमहरू

- च्याउ, मौरी, फलफूल, तरकारी जस्ता विषयगत तालिमहरू सञ्चालन
- विषादी खुद्रा विक्रेता इजाजतपत्र तालिम - २ वटा
- कर्मचारीहरुका लागि तनाव व्यवस्थापन, सकारात्मक सोच तथा उत्प्रेरणामुलक तालिम सञ्चालन- १ वटा
- फलफूल नर्सरी तथा प्रसारण विधि र बगैंचा स्थापना तालिम -१ वटा
- प्रशिक्षक प्रशिक्षण लगायत प्राविधिक क्षमता अभिवृद्धि तालिमहरू सञ्चालन भएको

### अन्य

- कार्यालय सरसफाई र फुल रोपण
- काउली, ब्रोकाउली र प्याजमा मल्चिङ्ग प्रविधिको उपयोगिता बारे खोज गर्न ब्लक निर्माण
- कोशेबालीमा (बोडी) राइजोबियम इनोकुलेशनको प्रभाव अध्ययन गर्न अनुसन्धान थालिएको।
- गोलभेडा र लहरे बालीमा बीउ उत्पादन गर्दा परागसेचनको समयले पार्ने असरको अध्ययन गर्न अनुसन्धान थालिएको।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

| क्र.सं. | जिम्मेवारी | नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | श्री अर्जुन देव ज्ञवाली | व. कृषि प्रसार अधिकृत | ९८५६०१५४४८ | |
| २ | सूचना अधिकारी | | कृषि प्रसार अधिकृत | ९८५६०७०६९६ | |

## ११. वेभसाईटको विवरण

abpstc.gandaki.gov.np

# १२. सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

हालसम्म सञ्चालित तालिम (कार्यक्रमहरूको ) विस्तृत विवरण

| क.स | तालिमको नाम | स्तर | सञ्चालन मिति | संयोजक | महिला | पुरुष | जम्मा | दलित | आ ज | मधेसी | बा./क्षे | अन्य | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि उद्यम विकास तालिम | कृषक स्तर | २०८०/६/१७ देखि २०८०/६/२२ | सुभाष गौतम | ५ | २० | २५ | ३ | ८ | - | १४ | - | २५ | |
| २ | व्यावसायिक तरकारी खेती प्रविधि तालिम | कृषक स्तर | २०८०/६/२७ देखि २०८०/७/०२ | लिला अर्याल | ४ | १२ | १६ | २ | ३ | - | ११ | - | १६ | |
| ३ | व्यावसायिक तरकारी खेती प्रविधि तालिम | कृषक स्तर | २०८०/६/२७ देखि २०८०/७/०२ | सुभाष गौतम | १ | १५ | १६ | २ | ३ | - | ११ | - | १६ | |
| ४ | विषादी खुद्रा विक्रेता इजाजतपत्र तालिम | कृषक स्तर | २०८०/०७/१७ देखि २०८०/०७/२२ | राममाया कडरिया | ८ | १६ | २४ | २ | २ | - | २० | ० | २४ | |
| ५ | विषादी खुद्रा विक्रेता इजाजतपत्र तालिम | कृषक स्तर | | सुभाष गौतम | ५ | २४ | २९ | २ | ५ | १ | २१ | ० | २९ | |
| ६ | फलफूल नर्सरी तथा प्रसारण विधि र बगैंचा स्थापना तालिम | साहायक स्तर ( प्राविधिक) | २०८०/०८/१९ देखि २२०८०/०८/२४ | लिला अर्याल | ९ | १४ | २३ | १ | ३ | १ | १८ | - | २३ | |
| ७ | कर्मचारीहरुका लागि तनाव व्यवस्थापन, सकारात्मक सोच तथा उत्प्रेरणामुलक तालिम | अधिकृत स्तर (प्रविधिक) | २०८०/०८/१७ देखि २०८०/०८/१९ | सुभाष गौतम | ४ | १० | १४ | १ | १ | - | १२ | - | १४ | |
| ८ | व्यावसायिक च्याउ खेती प्रविधि तालिम (नयाँ तथा वैदेशिक रोजगार बाट फर्किएका युवाहरु- कृषकस्तर ६ कार्यदिने) | कृषक स्तर | २०८०/०९/२२ गते देखि २०८०/०९/२७ | दिव्या बराल | ६ | १३ | १९ | २ | ९ | - | ७ | - | १९ | |
| ९ | मागमा आधारित कृषकस्तर- फलफूल खेती प्रविधि तालिम | कृषक स्तर | २०८०/०९/२२ गते देखि २०८०/०९/२७ | सुभाष गौतम | ३ | १७ | २० | १ | ८ | - | ११ | - | २० | |
| १० | सहायकस्तर प्रशिक्षक प्रशिक्षण तालिम | सहायकस्तर | २०८०/१०/०४ देखि २०८०/१०/०९ सम्म | राममाया कडरिया | २ | १४ | १६ | १ | ४ | | ११ | | १६ | |
| ११ | मागमा आधारित कृषकस्तर- फलफूल खेती प्रविधि तालिम | कृषक स्तर | २०८०/१०/०४ देखि २०८०/१०/०९ सम्म | लिला अर्याल | ३ | १९ | २२ | १ | ७ | ० | १३ | १ | २२ | |
| १२ | मागमा आधारित कृषकस्तर- व्यावसायिक मौरीपालन तालिम | कृषक स्तर | २०८०/१०/२१ देखि २०८०/१०/२६ सम्म | लिला अर्याल | ० | २१ | २१ | ० | ६ | ० | १२ | ३ | २१ | |
| १३ | व्यावसायिक च्याउ खेती प्रविधि तालिम (नयाँ तथा वैदेशिक रोजगार बाट फर्किएका युवाहरु- कृषकस्तर ६ कार्यदिने) | कृषक स्तर | २०८०/१०/२१ देखि २०८०/१०/२६ सम्म | दिव्या बराल | १० | ९ | १९ | २ | ३ | ० | १३ | १ | १९ | |
| १४ | व्यावसायिक तरकारी खेती प्रविधि तालिम | कृषक स्तर | २०८०/११/१३ देखि २०८०/११/१८ सम्म | लिला अर्याल | १० | ९ | १९ | ० | ३ | ० | १४ | २ | १९ | |
| १५ | मागमा आधारित कृषकस्तर- व्यावसायिक मौरीपालन तालिम | कृषक स्तर | २०८०/११/१३ देखि २०८०/११/१८ सम्म | दिव्या बराल | १ | १८ | १९ | ० | ८ | ० | ९ | २ | १९ | |
| १६ | मागमा आधारित कृषकस्तर- व्यावसायिक मौरीपालन तालिम | कृषक स्तर | २०८०/११/२७ देखि २०८०/१२/०२ सम्म | लिला अर्याल | १० | १३ | २३ | २ | ३ | ० | १६ | २ | २३ | |
| १७ | सहायकस्तर प्रशिक्षक प्रशिक्षण तालिम | सहायकस्तर | २०८०/१०/२८ देखि २०८०/११/०४ सम्म | राममाया कडरिया | ६ | ९ | १५ | ० | २ | ० | ११ | २ | १५ | |
| १८ | New emerging फलफूल खेति प्रविधि तालिम | अधिकृतस्तर | २०८०/१२/०४ देखि २०८०/१२/०९ सम्म | दिव्या बराल | ६ | ९ | १५ | १ | १ | ० | १३ | ० | १५ | |
| १९ | मागमा आधारित कृषकस्तर- व्यावसायिक मौरीपालन तालिम | कृषक स्तर | २०८०/१२/१९ देखि २०८०/१२/२४ सम्म | लिला अर्याल | १४ | ७ | २१ | ० | ४ | ० | १७ | ० | २१ | |
| | जम्मा | | | | १०७ | २६९ | ३७६ | १६ | ६९ | २ | २१८ | १३ | ३७६ | |

- हालसम्म १४ वटा कुल कृषकस्तर तालिम सञ्चालनबाट २९३ (८० म. २१३ पु.) जना कृषकहरूको दक्षता अभिवृद्धि गरिएको।
- हालसम्म ५ वटा कुल प्राविधिकस्तर कर्मचारी तालिम सञ्चालनबाट ८३ जना (२७ म. ५६ पु.) प्राविधिकहरूको दक्षता अभिवृद्धि गरिएको।

### वार्षिक बजेट र खर्च विवरण

आ.व. २०८०/०८१ को वार्षिक बजेट र खर्च

| क्र.सं | आयोजना/कार्यक्रमको को नाम | बजेट उप शिर्षक नं. | वार्षिक विनियोजित वजेट (हजारमा) | यस त्रैमासिकको कूल जम्मा खर्च (हजारमा) |
|---|---|---|---|---|
| १ | चालु | ३१२०१०१२३ | २३५५१ | १०२८९ |
| २ | पूँजीगत | ३१२०१०१२३ | ९५० | ७१८ |
| जम्मा | | | २४५०१ | ११००७ |
| हाल सम्मको वित्तीय खर्च प्रतिशत (वार्षिकको तुलनामा) | | | | ४५ |
| हाल सम्मको भारित खर्च प्रतिशत (वार्षिकको तुलनामा) | | | | ५१ |

## १३. सूचना वर्गीकरण सम्बन्धी विवरण

नभएको।

## १४. सूचना माग सम्बन्धी निवेदन र सो उपर दिएको विवरण

नभएको।

## १५. सार्वजनिक सूचनाहरू प्रकाशन हुने स्थल/संयन्त्रको विवरण

| क्र.सं. | सूचना प्रकाशन हुने स्थल/ संयन्त्र | कैफियत |
|---|---|---|
| १ | कार्यालयको सूचना पाटी | नियमित |
| २ | फेसबुक पेज | आवश्यकता अनुसार |
| ३ | जिल्लास्थित कृषि ज्ञान केन्द्रहरूको सूचना पाटी | आवश्यकता अनुसार |
| ४ | वेभसाईट | नियमित |